☎९८५७८३६०२२

# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान
५ नं. प्रदेश, नेपाल

प.स : ०७५।०७६
च.नं.: ०४

मिति २०७५।४।३

विषय :- भरुवा वन्दुक नवीकरण सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सवै,
सरुमारानी गाउँपालिका, प्यूठान ।

प्रस्तुत विषयमा भरुवा वन्दुकको नवीकरण सम्वन्धमा जिल्ला प्रशासन कार्यालय प्यूठानको च.नं. ३७ मिति २०७५।४।२ को पत्रको छायाँ प्रति यसै साथ संलग्न राखी पठाइएको छ, विस्तृत व्यहोरा सोही पत्रवाट अवगत हुने नै छ । उक्त पत्र बमोजिम अव उप्रान्त भरुवा बन्दुकको नवीकरण नगर्ने र साविकमा गा.वि.स.को कार्यालयमा त्यस सम्वन्धी अभिलेख भए सो अभिलेख जिल्ला प्रशासन कार्यालय प्यूठानमा पठाई यस कार्यालयलाई समेत जानकारी दिनु हुन अनुरोध छ ।

हिरालाल भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
प्यूठान

फोन नं ०८६-४२००३३
४२०१३३
४२००४८
फ्याक्स ०८६-४२०२९९

पत्र संख्या:- ०७५ / ०७६
चलानी नं : 36

मिति :- २०७५/०४/०२

विषय :- निर्देशन सम्बन्धमा ।

श्री ......सरुमारानी न.प्रा. / गा.पा.
प्यूठान ।

प्रस्तुत विषयमा साविकमा हातहतियार खरखजाना नियमावली, २०२८ नियम ११ को उपनियम १ को (ख) अनुसार स्थानीय निकायहरु, गाउँ विकास समिति तथा नगरपालिकाहरुबाट भरुवा बन्दुकको नवीकरण हुने गरेकोमा, देश संघीय प्रणालीमा गए सँगै जारी भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सो सम्बन्धी व्यवस्था नभएको एवं दिगो शान्ति स्थापनाका लागि साना हात हतियारहरुको नियन्त्रण गर्न समेत आवश्यक भएको र स्थानीय तहलाई सो अधिकार हुँदा भरुवा बन्दुकहरुको केन्द्रीय विवरण अध्यावधिक गर्न तथा नियमित गर्न समेत कठिनाई हुने हुँदा हातहतियार खरखजाना ऐन तथा नियमावली को संशोधन गरी यस सम्बन्धी सम्पूर्ण अधिकार संविधान बमोजिम समेत केन्द्र सरकार मा नै रहने भएकोले जिल्ला प्रशासन कार्यालयमा नै यस सम्बन्धी अधिकार रहने भन्ने व्यहोरा मिति २०७५/०३/३१ (सचिवस्तर) को निर्णय भएको हुँदा सोही बमोजिम आवश्यक कार्याथा निर्णयानुसार अनुरोध छ भनि गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) सिंहदरबारको च.नं. १८४६ मिति २०७५/०४/०१ को पत्र प्राप्त भएको हुँदा तहाँ न.पा. / गा.पा. मा उल्लेखित हतियारहरुको राखिएको अभिलेख यस कार्यालयमा पठाउनु हुनका साथै अव उपरान्त तहाँबाट नविकरण नगरी नविकरणका लागी यस कार्यालयमा सम्पर्क गर्न पठाईदिने व्यवस्था हुन अनुरोध छ ।

२०७५।४।२
यज्ञश्वर घर्तीथी
स.प्र.जि.अ.

प्रशासन शाखा,
यस पत्रको छायाँ प्रति ... आवश्यक कार्यको लागि ... कार्यालयमा पठाउनु ...

सरुमारानी गाउँपालिका
बड्डाँडा प्यूठान
दर्ता नं. ...95...
दर्ता मिति: 2075.04.04

Scanned by CamScanner